# पशु कल्याण प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०७/२७ मा स्वीकृत)

बेवारिसे पशुहरुको संरक्षण गर्दै तिनीहरुबाट उत्पादन हुने उपभोग्य तथा ग्रैहउपभोग्य पर्दाथहरुको समेत सदुपयोग गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी पशु कल्याण प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरुः

### १.१ आवेदकको योग्यताः

क) आवेदक समूह, समिति, सहकारी, संघ/संस्था वा स्थानीय तह हुनुपर्नेछ।

ख) पशुहरुको बासस्थान र दानापानीका लागि पर्याप्त जग्गाको व्यवस्था भएको हुनुपर्नेछ।

ग) पशु संरक्षणका कार्यहरु गर्दै आईरहेका संघ/संस्था वा स्थानीय तहबाट सञ्चालन हुने पशु कल्याण सम्बन्धी कार्यक्रमलाई प्रथमिकता दिइनेछ।

### १.२ पेश गर्नुपर्ने कागजातहरुः

(क) आवेदकले कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

(ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) सामाजिक, धार्मिक तथा पर्यावरणमा असर वा क्षति नगर्ने प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ।

## २. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | मूल्याङ्कका आधारहरु | अंक भार |
|---|---|---|
| **१** | **योजनाको प्रस्ताव** | **१०** |
| **१.१** | **आवेदकको लागत** | **५** |
| १.१.१ | कूल लागतमा ५०% भन्दा बढी लागत साझेदारी गर्ने | ५ |
| १.१.२ | कूल लागतमा २५% भन्दा बढी देखि ५०% सम्म लागत साझेदारी गर्ने | ४ |
| १.१.३ | कूल लागतमा १० देखि २५% लागत साझेदारी गर्ने | ३ |
| **१.२** | **संरक्षण हुने पशु संख्या** | **५** |
| १.२.१ | ५० भन्दा बढी | ५ |
| १.२.२ | २५ देखि ५० सम्म | ४ |
| १.२.३ | २५ भन्दा कम | ३ |

| | | |
|---|---|---|
| २ | **प्राविधिक उपयुक्तता** | **५** |
| २.१ | पर्याप्त जग्गा भएको, वातावरणमा नकारात्मक प्रभाव नपर्ने भएको | ५ |
| २.२ | पर्याप्त जग्गा नभएको, वातावरणमा नकारात्मक प्रभाव नपर्ने नभएको | ३ |
| **३** | **पशुजन्य पदार्थहरुको उपयोग** | **३** |
| ४ | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **५** | **अघिल्ला दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ५.१ | नलिएको | १० |
| ५.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| ६ | **पशु संरक्षणका कार्यहरु गर्दै आईरहेका संघ/संस्था वा स्थानीय तहबाट पेश भएको प्रस्ताव भएमा दिन सकिने अधिकतम अंक** | २ |
| **जम्मा** | | **३५** |

*नोटः कार्यलयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क. आवेदकको नाम र ठेगाना :

ख. सम्पर्क व्यक्तिको नाम, पद र सम्पर्क नं :

ग. कार्यक्रम सञ्चालन हुने स्थान :

घ. संरक्षण हुने पशु संख्याः

ङ. संरक्षण हुने पशुका जातहरुः

च. सञ्चालन गरिने क्रियाकलापको विवरण :

| क.सं. | क्रियाकलापको विवरण | एकाई | परिमाण | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्ने समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

छ. प्रस्तावित कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, संरक्षित पशु संख्या, आदि):

| क्र.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम सञ्चालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | संरक्षित पशु संख्या | | | | |
| | | | | | |
| इ) | अन्य उपलब्धिहरु | | | | |
| | | | | | |
| जम्मा | | | | | |

ज. संरक्षित पशुहरुवाट उत्पादन हुने पदार्थहरु (दूध, गोवर आदि) को उपयोग कसरी गरिन्छ ? खुलाउने।

झ. संरक्षित पशुहरुको मृत्यू भएमा कसरी व्यवस्थापन गरिन्छ ? खुलाउने।

ञ. नयाँ सोच तथा दिगोरुपमा सञ्चालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

४.१ स्वीकृत बजेटको परिधि भित्र रही देहायका क्रियाकलापहरु सञ्चालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) बेबारिसे तथा अनुत्पादक पशुहरुको संरक्षण तथा व्यवस्थापन, बाच्छाबाच्छी संरक्षण, र सो का लागी आवश्यक हुने भौतिक पूर्वाधार निर्माण तथा सुधार, जैविक-सुरक्षा, फोहोर व्यवस्थापन ।

ख) गहुँत, मल, दूध लगायत उत्पादनको व्यवसायिक उपयोग गर्ने प्रविधिमा सहयोग जस्तै वायोग्याँस प्लान्ट स्थापना आदि ।